# सूचनाको हक

## (तालिम स्रोत पुस्तक)

**लेखक**

टङ्कराज अर्याल

नयनबहादुर खड्का

**प्रकाशक**

**सूचनाको हकका लागि नागरिक अभियान**

पोष्ट बक्स नं. ५५४, सिद्धार्थमार्ग- ४०५

फोनः ०१ ४७८६४२४, ४७८१३१२

बुद्धनगर, काठमाडौँ, नेपाल

तालिम स्रोत पुस्तक

(यो स्रोत पुस्तकको कुनै अंश
सूचनाको हकका लागि नागरिक अभियानको
पूर्व अनुमतिमा स्रोत उल्लेख गरी प्रयोग वा
पुनः प्रकाशन गर्न सकिनेछ ।)

| | | |
|---|---|---|
| **पुस्तक** | : | **सूचनाको हक (तालिम स्रोत पुस्तक)** |
| **सल्लाहकार** | : | **सन्तोष सिग्देल** |
| **लेखक** | : | **टङ्कराज अर्याल**<br>**नयनबहादुर खड्का** |
| **प्रकाशक** | : | **सूचनाको हकका लागि नागरिक अभियान**<br>पोष्ट बक्स नं. ५५४, सिद्धार्थमार्ग- ४०५<br>फोन ०१ ४७८६४२४, ४७८१३१२<br>बुद्धनगर, काठमाडौं, नेपाल |
| **लेखन सहयोगी** | : | **आलोक पोखरेल** |
| **भाषा सम्पादन** | : | **टी.एन. घिमिरे** |
| **लेआउट/डिजाइन** | : | **एम फुयाल, ९८५१०५६२७३** |
| **प्रति** | : | **१०००** |
| **सर्वाधिकार** | : | प्रकाशक |
| **संस्करण** | : | पहिलो, २०६७ साउन |
| **मुद्रण** | : | **चन्द्रज्योति प्रेस एन्ड पब्लिकेसन्स प्रा.लि.**<br>खरिबोट, भीमसेनगोलामार्ग, काठमाडौं<br>फोन : ०१ ४४ ९९ १५८ |
| **आइएसबीएन** | : | **९७८-९९३७-८३४७-२-८** |

# भूमिका

नेपालको अन्तरिम संविधान २०६३ को धारा २७ ले सूचनाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न सूचनाको हकसम्बन्धी ऐन २०६४ र नियमावली २०६५ पनि कार्यान्वयनमा आइसकेको छ । नेपालमा सूचनाको हकसम्बन्धी कानुन लागू भएको तीन वर्ष भैसके पनि यो कानुनको कार्यान्वयनको अवस्था भने सन्तोषजनक छैन । यस हकको प्रयोगमा सूचनाका उपभोक्ताको रूपमा सर्वसाधारण नागरिक तथा सूचना प्रवाह गर्नुपर्ने आधिकारिक निकायहरू अहिलेसम्म बेखबर झैं देखिन्छन् ।

अधिकारवालालाई यस हकको जानकरी थोरै मात्र भएको अवस्था छ । सूचना हकको उपयोगको सन्दर्भमा कुन-कुन सूचना माग्न सकिन्छ ? सूचना कुन-कुन निकायमा माग्न सकिन्छ ? सूचना माग्दा के कसरी माग्नु पर्दछ ? भन्नेबारेमा आमनागरिक आवश्यक मात्रामा सचेत छैनन् । सूचना माग्दा लाग्ने दस्तुर, सूचना माग्दा पूरा गर्नुपर्ने विधि आदिको बारेमा पर्याप्त जानकारी छैन । अझ महत्वपूर्ण कुरा त के छ भने उपभोक्तालाई सूचनाको हकको उपयोगिताको बारेमा उचित जानकारी नभएको अवस्था छ ।

त्यसैगरी सूचना प्रवाह गर्ने निकायहरूले पनि सूचनाको हकको पालना गरेको देखिदैन । ऐनले सार्वजनिक निकायहरूलाई सूचनाको हकको प्रचलनका सन्दर्भमा केही निश्चित जिम्मेवारी तोकेको छ । ती निकायसम्बद्ध अधिकारीले सूचनाको सुरक्षित भण्डारण तथा व्यवस्थापन, सूचना संरक्षण, सूचनाको स्वतःस्फुर्त सार्वजनिकीकरण, सरल तथा सहज सूचना प्रवाह गर्नुपर्दछ तर व्यवहारिक तहमा सूचनाको व्यवस्थापन गर्ने निकायहरू आफूलाई प्राप्त जिम्मेवारीका सम्बन्धमा अन्योलमा रहेको देखिन्छ।

सूचनाको हकको अधिकतम प्रयोगद्वारा पारदर्शिताको नवसंस्कृति निर्माण गर्न सूचना राख्ने र सूचना खोज्ने पक्ष दुवैको भूमिका उत्तिकै महत्वपूर्ण हुन्छ । बितेको दुई वर्षलाई नियाल्दा नेपालमा सूचना खोज्ने पक्ष अनभिज्ञ देखिन्छ भने सूचना उपलब्ध गराउनुपर्ने पक्ष उदासीन । यस अवस्थालाई तोडेर सूचना माग्ने पक्षलाई सूचना माग गर्ने विधि र तरिकाको बारेमा जानकारी दिन तथा सूचना उपलब्ध गराउने पक्षलाई सूचनाको उचित भण्डारण, संरक्षण, सूचना प्रवाहलगायतका कानुनी व्यवस्थाको बारेमा जनकारी दिन प्रशिक्षणको आवश्यकता महसुस गरी यो प्रशिक्षण स्रोत पुस्तक तयार पारिएको हो ।

यो पुस्तक तोकिएको समयमा लेखेर उपलब्ध गराउनु हुने लेखकद्वय **टङ्कराज अर्याल तथा नयनबहादुर खड्कालाई** धन्यवाद । सूचनाको हकको क्षेत्रमा कार्य गर्न हौसला दिई पुस्तकको बारेमा शुभकामना मन्तव्य उपलब्ध गराइदिने राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघ तथा भाषा परिमार्जन कार्यमा सहयोग गर्ने टी एन घिमिरेप्रति आभार व्यक्त गर्दछु । अन्तमा यो पुस्तक लेखन तथा प्रकाशनका लागि आर्थिक सहयोग उपलब्ध गराउने फाउन्डेसन ओपन सोसाइटी इन्स्टिच्युट (ओएसआइ-जेड्युजी) प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**तारानाथ दाहाल**
**अध्यक्ष**

# हाम्रो भनाइ

सूचनाको हकको बारेमा संविधान तथा कानुनमा व्यवस्था गरिएको छ । जबसम्म यस अधिकारको बारेमा जनतालाई आवश्यक जानाकारी हुँदैन त्यसबेलासम्म सूचनाको हकको प्रयोग हुँदैन । जबसम्म यस हकको प्रयोग हुँदैन ऐनको प्रस्तावनामै अपेक्षा गरिएजस्तो "राज्यका काम कारबाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाउने, नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउने, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउने, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्ने र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने" भन्ने उद्देश्यहरू पूरा हुन सक्दैन ।

सूचनाका हकको प्रचलनको लागि सूचनाको सन्दर्भमा मागकर्ता तथा प्रवाहकर्ता दुबैपक्ष सूचनाको हक र प्रयोगको बारेमा जानकार हुनुपर्दछ । सूचनाको मागकर्तालाई सूचनाको हक कस्तो प्रकारको हक हो ? यस हकको प्रयोगका सीमा तथा सिद्धान्तहरू के के हुन् ? नेपालमा सूचनाको हकका सम्बन्धमा के कस्ता कानुनी व्यवस्थाहरू छन् ? हकको उलङ्घन भएमा कस्तो उपचारको व्यवस्था छ ? सूचनाको हकको उपयोगिता के हो ? भन्ने विषयमा प्रशिक्षणको आवश्यकता महसुस गरिएको छ । त्यसैगरी सार्वजनिक निकायका प्रमुख तथा सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐनबमोजिम ती निकायको भूमिका तथा दायित्व के हो ? सूचनाको भण्डारण तथा व्यवस्थापन कसरी गर्नुपर्दछ ? कस्तो सूचना कसरी सार्वजनिक गर्ने ? कस्ता सूचना संरक्षण गर्नुपर्दछ ? सूचना मागकर्तालाई कसरी र कुन विधि प्रयोग गरी सूचना दिने ? लगायतका विषयमा प्रशिक्षणको आवश्यकता पहिचान गरिएको छ ।

यिनै आवश्यकतालाई ध्यान दिँदै यो तालिम स्रोत पुस्तकका विषयवस्तुलाई आठ भागमा वर्गीकरण गरिएको छ र प्रत्येक पाठको उद्देश्य छुट्टाछुट्टै राखिएका छन् । विषयवस्तुलाई सरल रूपमा प्रस्तुत गर्न चित्र तथा तालिकाको प्रयोग गरिएको छ । उद्देश्य प्राप्त भयो भएन ? भनी मूल्याङ्कन गर्न पाठको अन्त्यमा प्रश्नहरू समेत समावेश गरिएका छन् । सूचनाको हकको बारेमा जानकारी दिन तथा सूचनाको हकको प्रयोग गर्न चाहने जो सुकैलाई यो तालिम स्रोत पुस्तक सहयोगी पाठ्यसामग्री अवश्य बन्नेछ । सूचना माग गर्ने पक्ष तथा सूचना प्रवाहको जिम्मेवारी लिएका दुवै पक्षलाई आवश्यक सामग्री यस पुस्तकमा प्रयोग गरिएको हुँदा सरकारी तवरमा पनि यस पुस्तकको प्रयोग हुने अपेक्षा राखिएको छ ।

सूचनाको हकसम्बन्धी तालिम सञ्चालन गर्दा यो तालिम स्रोत पुस्तकको व्यापक प्रयोग हुने र यसबाट सूचनाको हकको कानुनी र व्यवहारिक पक्षबारे आधारभूत कुराहरू बुझ्न सहयोग पुग्नेछ भन्ने विश्वासका साथमा यो पुस्तक लेखिएको हो । यो स्रोत पुस्तक प्रयोग गरी सञ्चालन गरिने तालिमले सार्वजानिक निकायलाई सूचना प्रवाह गर्न प्रेरणा मिल्ने र आमनागरिकलाई सूचना खोज्न उत्सुकता बढ्ने आशा गरिएको छ । सूचनाको हकको यो तालिम स्रोत पुस्तक लेख्ने अवसर प्रदान गरेकोमा **सूचनाको हकका लागि नागरिक अभियान**लाई हार्दिक धन्यवाद दिन चाहन्छौ । यो पुस्तक लेख्नको लागि सहयोग पुऱ्याउनु हुने सबैलाई धन्यवाद दिन चाहन्छौं ।

**टङ्कराज अर्याल**
**नयनबहादुर खड्का**

नेपाल सरकार

# राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल ।

लोकतन्त्रमा जनता नै देशको मालिक हुन्छ । सरकार जनताले बनाउँछ । सरकारको नीति बनाउनेदेखि गाउँ र वडासम्मका काममा जनताको सहभागिता हुन्छ । यसका लागि सरकार तथा सार्वजनिक निकायहरुको हरेक कामकारवाही पारदर्शी हुनुपर्छ । अब पहिलेझैं सबै कुरा जनप्रतिनिधिको जिम्मामा छाड्न मिल्दैन । यसैले विश्वभरका लोकतान्त्रिक मुलुकहरुमा सूचनाको हक ऐन बन्ने र लागू हुने क्रम बढिरहेको छ ।

लोकतन्त्र संसारको सर्वोत्कृष्ट राजनीतिक व्यवस्था हो । तर कुनै पनि देशका नागरिकले सित्तैमा अथवा कर्तव्य रूपी मूल्य नचुकाई लोकतन्त्रको निर्वाध उपभोग गर्न सक्तैन । लोकतान्त्रिक व्यवस्थालाई सञ्चालन गर्न, सुचारू र प्रभावकारी बनाउन जनताको जिम्मेवारी मुख्य हुन्छ । यसैले लोकतान्त्रिक व्यवस्थाका सबै अङ्गहरूलाई सक्रिय, जिम्मेवार, पारदर्शी र सक्षम बनाउन जनताले सूचना माग्ने कामलाई अधिकारको रुपमा मात्रै होइन कर्तव्यको रूपमा पनि ग्रहण गर्नुपर्छ ।

सूचनाको हकसम्बन्धी ऐन लागू हुनका लागि दुई पक्षको जिम्मेवारी र दक्षता आवश्यक हुन्छ । जनता आफैले सक्रिय भएर सूचना मागेन भने सार्वजनिक निकाय अनुत्तरदायी र अपारदर्शी बन्न सक्छ । त्यस्तै, जनतालाई सूचनामा पहुँच कसरी पुऱ्याउने भन्ने कुरा सार्वजनिक निकायका पदाधिकारीहरू, खास गरी सूचना अधिकारीहरूले जान्नु पर्छ । त्यसका लागि कुन सूचना कहाँ छ, कुन सूचना दिन नमिल्ने वर्गभित्र परेको छ, सूचनाको व्यवस्थापन कसरी गर्ने, सूचनालाई मागेको स्वरूपमा कसरी दिने तथा अन्य कानुनी प्रावधानहरूका बारेमा पनि सम्बन्धित पदाधिकारीले जान्नैपर्ने हुन्छ । त्यसबाहेक जनताले नमागे पनि आफ्ना निकायका काम कुरा पारदर्शी बनाउन विभिन्न सूचना नियमित रूपमा सार्वजनिक गर्नुपर्ने हुन्छ ।

एकातिर नागरिकले सूचना माग्ने कामलाई लोकतन्त्रप्रतिको कर्तव्य ठान्ने र अर्कोतिर सार्वजनिक निकायका पदाधिकारीले नागरिकलाई सूचनामा पहुँच दिंदा र आफ्ना निकायका सबै कामकारबाही पारदर्शी बनाउँदा लोकतन्त्रप्रतिको जिम्मेदारी पूरा गरेको गर्वको अनुभूति गर्ने स्थिति सिर्जना भयो भने मात्रै हामीमा लोकतान्त्रिक संस्कारको विकास हुन्छ ।

आमनागरिकलाई सूचना माग्न र सार्वजनिक निकायलाई सूचना दिन सिकाउने र सघाउने उद्देश्यले तयार पारिएको यो **"सूचनाको हक तालिम स्रोतपुस्तक"** ले सूचना माग्ने र दिने दुबै पक्षलाई उत्तिकै सहयोग गर्ने आशा र विश्वास छ । यसमा उल्लेख भएका विषयवस्तुहरूले नेपालको सूचनाको हकसम्बन्धी ऐन र नियमलाई कार्यान्वयन गर्न र अन्तर्राष्ट्रिय मापदण्ड र प्रचलन बुझ्न सघाउने छ भन्ने विश्वास छ । सूचनाको हकका सम्बन्धमा प्रशिक्षित गर्न यति उपयोगी स्रोत पुस्तक प्रकाशन गरेकोमा यसका प्रकाशक **'सूचनाको हकका लागि नागरिक अभियान'** तथा लेखकद्वयलाई हार्दिक धन्यवाद दिन्छु ।

**विनयकुमार कसजू**
प्रमुख सूचना आयुक्त
रष्ट्रिय सूचना आयोग

# नेपाल पत्रकार महासंघ

## शुभकामना

'सूचनाको हकको लागि नागरिक अभियान'द्वारा आम नागरिकलाई सूचना माग्न र सार्वजनिक निकायलाई सूचना दिन सहयोगी हुने उद्देश्यले 'सूचनाको हक तालिम स्रोत पुस्तक' प्रकाशन गर्न लागेको थाहा पाउँदा अत्यन्त खुसी लागेको छ ।

एक्काईसौं शताब्दी सूचना र सञ्चारको युग हो । आजको विश्वमा सूचनाको हक मौलिक अधिकारको रूपमा स्थापित हुन पुगेको छ । सूचना र सञ्चारको विकासले तीव्र गति लिइरहेको अहिलेको विश्वको तुलनामा हाम्रो देश सूचना र सञ्चारका हरेक दृष्टिकोणबाट निकै पछि परेको यथार्थ एकातिर छ भने अर्कोतिर सूचनाको हकका सम्बन्धमा हाम्रो देशमा सूचना दिने र लिने उपयुक्त तालिम तथा प्रशिक्षणको अभाव छ ।

यसैले गर्दा सम्बन्धित पेशाकर्मी तथा आमनागरिक सूचनाको हकबाट बञ्चित हुनुपर्ने र आमनागरिकलाई सूचना माग्न वा सार्वजनिक निकायलाई सूचना दिन समस्या रहँदै आएको अवस्था छ । सञ्चारकर्मी पनि यही समस्याबाट ग्रस्त रहँदैं आएको हाम्रो अनुभव छ । यो परिस्थितिबाट गुज्रिरहेको नेपाली प्रेसलाई पेशागत हक र आमनागरिकलाई सूचनाको हक दिलाउन नेपाल पत्रकार महासंघले निरन्तर सङ्घर्ष गरिरहेको यथार्थ पनि हामी बीच छ । राज्यका हरेक निकायहरूमा सञ्चारकर्मीहरूलाई सूचनाको हकको सहज पहुँचका लागि महासंघले आफ्नोतर्फबाट प्रयास गरिरहेको छ ।

यस परिप्रेक्ष्यमा प्रकाशन हुन लागेको प्रस्तुत पुस्तक पत्रकारिता क्षेत्रको अध्ययनमा चासो राख्ने तथा पत्रकारिता क्षेत्रमा कार्यरत सञ्चारकर्मी, पत्रकारिता क्षेत्रको अध्ययन -अनुसन्धानमा जुटेका जोकोहीका साथै सार्वजनिक निकाय तथा सर्वसाधारणका लागि समेत लाभदायक हुने विश्वास लिएको छु ।

पुस्तक प्रकाशन कार्यमा संलग्न सबैप्रति आभार प्रकट गर्दै शुभकामना व्यक्त गर्दछु र आगामी दिनमा पनि यस संस्थाले यस्ता उपयोगी पुस्तकहरूको प्रकाशन कार्यलाई निरन्तरता प्रदान गर्न सकोस् भन्ने कामना पनि गर्दछु ।

**धर्मेन्द्र झा**
अध्यक्ष

# विषयसूची


**भाग- १: सूचनाको हक र अन्तर्राष्ट्रिय मापदण्ड** ........ **९**
- १.१ परिचय ........ ११
- १.२ ऐतिहासिक पृष्ठभूमि ........ १५
- १.३ अन्तर्राष्ट्रिय मापदण्ड ........ १६
- १.४ अन्तर्राष्ट्रिय अभ्यास ........ १८

**भाग- २: नेपालमा सूचनाको हक सम्बन्धी कानुनी व्यवस्था** ........ **२३**
- २.१ ऐतिहासिक पृष्ठभूमि ........ २५
- २.२ संवैधानिक व्यवस्था ........ २६
- २.३ सूचनाको हक सम्बन्धी ऐन र नियमावली ........ २७
- २.४ अन्य कानुनी व्यवस्था ........ ३२

**भाग- ३ : सूचनाको हक र कार्यान्वयन संयन्त्र** ........ **३५**
- ३.१ सूचना अधिकारी ........ ३७
- ३.२ कार्यालय प्रमुख ........ ३८
- ३.३ राष्ट्रिय सूचना आयोग ........ ४१
- ३.४ नियमित अदालत ........ ४५

**भाग- ४ : सूचना माग्ने विधि र प्रकृया** ........ **४७**
- ४.१ सूचना माग्दा ध्यान दिनुपर्ने कुरा ........ ४९
- ४.२ सूचना माग्दा पुरा गर्नुपर्ने विधि ........ ५१
- ४.३ पुनरावेदन गर्दा पूरा गर्नुपर्ने विधि ........ ५२
- ४.४ सूचनाको प्रयोग ........ ५४

**भाग- ५ : सूचनाको व्यवस्थापन र सार्वजनिक निकायको जिम्मेवारी** ........ **५७**
- ५.१ सूचना व्यवस्थापनको अर्थ तथा आवश्यकता ........ ५९
- ५.२ सूचना व्यवस्थापनको प्रक्रिया ........ ६०
- ५.३ सूचना व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग ........ ६२
- ५.४ सूचना व्यवस्थापनका व्यवहारिक कठिनाई ........ ६३

**भाग- ६ : सूचना र सूचनादाताको संरक्षण** ........ **६७**
- ६.१ सूचना संरक्षणको अर्थ र आवश्यकता ........ ६९
- ६.२ सूचनाको संरक्षणमा सार्वजनिक निकायको भूमिका ........ ७२

६.३ सूचनाको हकमा सूचनादाताको भूमिका ..... ७३
६.४ सूचनादाताको संरक्षण ..... ७५

**भाग- ७ : सूचनाको हक र उपयोगिता ..... ७७**
७.१ सूचनाको हकको व्यवहारिक प्रयोग ..... ८०
७.२ सूचनाको हक र सुशासन ..... ८१
७.३ सूचनाको हक र स्थानीय विकास ..... ८३
७.४ सूचनाको हक र उपभोक्ता अधिकार ..... ८६

**भाग- ८ : सूचनाको हकको वकालतका विधि तथा औजार ..... ८९**
८.१ सूचनाको हकको वकालतको आवश्यकता ..... ९१
८.२ वकालतको क्षेत्र ..... ९३
८.३ वकालतको औजारहरू ..... ९४
८.४ वकालतका सरोकारवाला ..... ९७

**सन्दर्भ सामग्री ..... १०१**
**अनुसुची - १** सूचना माग्ने निवेदनको ढाँचा ..... १०४
**अनुसूची - २** पुनरावेदनको ढाँचा ..... १०५
**अनुसूची - ३** सूचनाको हकसम्बन्धी ऐन २०६४ ..... १०६
**अनुसूची - ४** सूचनाको हकसम्बन्धी नियमावली २०६५ ..... ११५

भाग १

# सूचनाको हक र अन्तर्राष्ट्रिय मापदण्ड

## सिकाइका उद्देश्य

**तालिम पश्चात सहभागीहरुले**

- सूचना र सूचनाको हकको बारेमा आधारभूत कुराहरू बताउन सक्नेछन्,
- सूचनाको हकका महत्वपूर्ण पक्ष तथा सिद्धान्तहरू वर्णन गर्न सक्नेछन्,
- सूचनाको हकको ऐतिहासिक पृष्ठभूमि वताउन सक्नेछन्,
- सूचनाको हकसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरूको व्याख्या गर्न सक्नेछन्,
- अन्तर्राष्ट्रिय स्तरमा सूचनाको हकको प्रयोगको सन्दर्भमा भएका व्यवस्थाहरूको व्याख्या गर्न सक्नेछन् ।

**विषयवस्तुको सारसंक्षेप**

वर्तमान सन्दर्भमा सूचनाको हक एउटा ज्यादै महत्वपूर्ण विषय हो । सूचनाको हक सम्बन्धी कानुनको विकास कसरी भयो र हाल कुन-कुन देशमा यस हकको संरक्षणको लागि कानुन निर्माण भएका छन् भन्ने विषयको बारेमा जानकारी दिइएको छ । यस हकको प्रभावकारी कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐनका प्रावधानहरू बारे जानकारी पाएर मात्र पुग्दैन, अन्तर्राष्ट्रियस्तरमा भएका प्रयास, मापदण्ड र व्यवस्थापन बारे ज्ञान हाँसिल गर्नु आवश्यक छ । यही अभिप्रायबाट प्रेरित भएर यस तालिम निर्देशिकामा सूचनाको हक र अन्तर्राष्ट्रिय मापदण्ड विषय समावेश गरिएको हो । यस विषयअन्तर्गत सूचनाको हकको परिचय, ऐतिहासिक पृष्ठभूमि, अन्तर्राष्ट्रिय मापदण्ड र अन्तर्राष्ट्रिय अभ्यासहरू बारे विवेचना गरिएको छ । यी उप- शीर्षक अन्तर्गतका महत्वपूर्ण पक्षहरू- सूचनाको हकको सिद्धान्तहरू, यसको ऐतिहासिक पृष्ठभूमि, अन्तर्राष्ट्रिय मापदण्डहरू र अभ्यासहरू रेखाचित्रसहित विश्लेषण तथा व्याख्या गरिएको छ ।